का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ असार २०७९,
सोमबार
27 June 2022,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नें

वर्ष २०, अंक १४२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

मन्त्रिपरिषद् पुनर्गठन

## माधव नेपालको
# चट्टानी अडान

### एकीकृत समाजवादीको निर्णय कार्यान्वयन गर्न प्रधानमन्त्री बाध्य




मेटमणि चौधरी


जीवनराम श्रेष्ठ


शेरबहादुर कुँवर


भवानी खापुङ

पार्टीका तर्फबाट सरकारमा रहेका मन्त्रीहरुलाई फिर्ता बोलाएर नयाँ मन्त्री पठाउने नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव नेपालको चट्टानी अडानका सामू प्रधानमन्त्री देउवा झुक्न पुगेका छन् । प्रधानमन्त्री देउवा तीन सातापछि भए पनि नेपालको निर्णय कार्यान्वयन गर्न बाध्य भए ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ असार ।

नेकपा एकीकृत समाजवादीका तर्फबाट वर्तमान सरकारमा रहेका मन्त्रीहरु फिर्ता भएका छन् । नयाँ मन्त्रीहरु तीन साता अघि नै सिफारिस भइसकेका थिए ।

एकीकृत समाजवादीले २२ जेठमा मन्त्रीहरु फिर्ता बोलाएर सरकारमा नयाँ मन्त्रीहरुलाई पठाउने निर्णय गरेको थियो । त्यसै दिन मन्त्री बन्ने नेताहरुको नाम प्रधानमन्त्रीलाई बुझाए पनि मन्त्रिपरिषद २२ दिनपछि मन्त्रिपरिषद पुनर्गठन भएको हो । तीन सातासम्म एकीकृत समाजवादीको निर्णय कार्यान्वयन नहुँदा अनेक आशंका गरिए । आशंका गनुका पछाडि अनेकन तर्क गरिए ।

एउटा तर्क थियो- संसदमा आगामी आर्थिक वर्ष ०७९/८० को बजेटमाथि छलफल चलिरहेका बेला मन्त्रीहरुले जवाफ नदिई हेरफेर गर्नु उचित हुँदैन । यही तर्क सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेस र प्रधानमन्त्री शेरबहादुर देउवाले गरेका थिए ।

अर्को तर्क थियो- एउटा पार्टीबाट मन्त्री भएकाहरु फेरिँदा अर्को पार्टीलाई पनि असर पर्छ । खासगरी नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टीले यो तर्क गरेको थियो ।

तर, तर लामो समय भइसक्दा पनि प्रधानमन्त्रीले मन्त्री हेरफेर नगरेको भन्दै शनिबार बसेको – बाँकी पृष्ठ २ मा

## आलेले गरे स्व:मूल्याङ्कन



संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रीबाट बाहिरिँदै गर्दा प्रेमबहादुर आलेले आफ्नो मुल्याङ्कन आफैं गरेका छन् । उनका अनुसार उनी ९० प्रतिशत सफल भए । आफैंबारे उनी भन्छन्, 'मैले एक्सन मन्त्रीको उपमा पाएँ । मैले यो अवधिमा ९० प्रतिशत अंक ल्याएको ठानेको छु ।'

## रुँदै बाहिरिइन् झाँक्री



सहरी विकास मन्त्रीको सपथ लिँदै गर्दा उन्मुक्त हाँसोका कारण चर्चामा आएकी रामकुमारी झाँक्री सरकार छाड्दै गर्दा आँसु खसालिन । उनको स्वभावजन्य प्रवृतिका रुपमा कतिपयले लिए पनि झाँक्रीको आसुँले चर्चा पाएको छ । उनले ८ महिना २० दिन काम गरिन् । यो अवधिमा उनले आगामी आर्थिक बर्षको लागि मन्त्रालयको लागि योजना बनाएर त्यसअनुसार बजेट समेत पारेकी छन् । संसदमा मन्त्रालयतगत शीर्षकमाथि उठेका प्रश्नहरुको जवाफ दिएर उनी मन्त्रालयबाट विदा भएकी छन् ।

# उपत्यकामा फैलियो हैजा

एक साताभित्रै राजधानी उपत्यकामा हैजाका बिरामी १२ जना पुगेको छ । हैजा फैलिएपछि सरकारले सतर्कता अपनाउन सर्वसाधरणसँग अपील गरेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ असार ।

राजधानी उपत्यकामा थप बिरामीमा हैजा पुष्टि भएकोछ । बाग बजारमा देखिएको हैजा अन्य शहरमा पनि देखिन थालेको हो । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार, राजधानी उपत्यकामा अहिलेसम्म १२ बिरामीमा हैजा पुष्टि भएको छ ।

पछिल्लो समय नैकापका बिरामीको आरडीटी परीक्षण पोजेटिभ देखिएको छ भने कल्चरल रिपोर्ट पनि पोजेटिभ देखिएको छ । हैजा आशंका गरिएका पाटनका एक जना बिरामीको कल्चर रिर्पोट आउन बाँकी छ । महाशाखाका अनुसार बागबजार, डिल्लीबजार, सानेपा, बालाजु, कपन र नैकप क्षेत्रमा हैजा देखिएको छ ।

केही वर्ष अगाडि कर्णालीका जिल्लाहरुमा देखिएको यसपटक राजधानी उपत्यकामै देखिएको हो । हैजामा भिब्रिओकोलरी नामक जीवाणुको संक्रमणका कारण हुने गर्छ । झाडापखाला जस्तो देखिने हैजा गम्भीर प्रकृतिको हुने चिकित्सकहरुको भनाइ छ ।

यो रोगको संक्रमणको असर बढी हुने भएकाले बिरामीको मृत्यु समेत हुने गर्छ । डाक्टहरुका अनुसार, जीवाणुको संक्रमण भएको केही घण्टाभित्रै यसको लक्षण देखिने गरेको छ ।

हैजाबाट बच्न सरकारले सर्वसाधरणसँग आग्रह गरेको छ । त्यसका निम्ति स्थानीय सरकारले पनि अपील गरेको छ । ललितपुर महानगरपालिकाले हैजा नियन्त्रणकै निम्ति पानीपुरी बिक्री वितरणमा रोक लगाएको छ ।

काठमाडौं उपत्यकामा हैजा देखिएकाले ललितपुर महानगरको २९ वटै वडामा फैलिन नदिन पानीपुरीमा रोक लगाइएको हो । बाटोबाटोमा ठेला गाडामा पानीपुरी, चटपटे तथा पानी खाँदा रोग फैलने हुँदा नियन्त्रणका लागि ठेलागाडा पसल सञ्चालनमा रोक लगाइएको नगर प्रहरी प्रमुख सीताराम हाछेँथुले बताए । उनले भने, 'अहिले हावापानी दूषित छ, फोहर पानी खाँदा हैजा फलन सक्छ ।'

कतिपयले जारको भन्दै धाराको दूषित पानी खुवाउने गरेको पाइएको महानगरले जनाएको छ । हालका लागि सडकमा पानीपुरी र चटपटे बेच्न रोक लगाइएको हाछेँथुले बताए ।

महानगरले माइकिङ गर्दै २९ वटै वडामा जनचेतना फैलाउने काम गरिरहेको छ । स्वास्थ्यमा प्रतिकूल असर गर्ने क्रियाकलाप नियन्त्रण गर्नु आफ्नो कर्तव्य भएको महानगरले जनाएको छ । एक सातामा रोग नियन्त्रणमा नआए पानीपुरी विक्रिवितरणमा थप कडाइ गरिने हाछेँथुले जानकारी दिए ।

# कानूनमन्त्रीको असन्तुष्टि !

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १२ असार ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्री संसदीय व्यवस्थालाई सबल बनाउने दायित्व बोकेका मन्त्री हुन् । संसदीय व्यवस्थाप्रति उठेका प्रश्नको जवाफ दिने र संसदीय व्यवस्थाले दिएका सफलताको जस लिने पद पनि हो - कानुन, न्याय तथा संसदीय मामिला मन्त्री । तर, यस्तो जिम्मेवार पदमा रहेका गोबिन्द बन्दी (गोबिन्द प्रसाद शर्मा कोइराला)ले भने संसदीय प्रक्रियाप्रति नै अरुची व्यक्त गरिरहेका छन् । उनले आइतबार राष्ट्रिय सभाको बैठकबाटै कानुन निर्माणको संसदीय प्रक्रियाप्रति असन्तुष्टि व्यक्त गरे ।



मन्त्री गोबिन्द बन्दी संसदीय प्रक्रियाप्रति अरुची व्यक्त गरिरहेका छन् । उनले आइतबारराष्ट्रिय सभाको बैठकबाटै कानून निर्माणको संसदीय प्रक्रियाप्रति असन्तुष्टि व्यक्त गरे ।

संसदीय प्रक्रियाले कानुन निर्माणलाई बिलम्ब र खर्चिलो बनाएको उनको टिप्पणी छ । आगामी आर्थिक बर्षको बजेटमा सरकारले कानुन मन्त्रालयका लागि विनियोजन गरेको शीर्षकगत छलफलमा भाग लिँदै राष्ट्रिय सभामा सांसदहरुले उठाएका प्रश्नहरुको जवाफ दिँदै उनले यस्तो टिप्पणी गरेका हुन् ।

सांसदहरुले कानुन निर्माण – बाँकी पृष्ठ २ मा

# 'वैदेशिक रोजगार कोरोनाअघिको अवस्थामा फर्कियो'

## मन्त्रालयले दीर्घकालीन सुधारका कदम चालेको भनाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असार

निवर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले नेपालबाट वैदेशिक रोजगारीमा जाने क्रम कोरोना संक्रमण भन्दा अगाडिको अवस्थामा फर्केको बताएका छन् । संघीय संसदको राष्ट्रियसभामा विनियोजन विधियक २०७९ मा बजेटमाथि उठेका प्रश्नहरूको जवाफ दिँदै श्रेष्ठले उक्त कुरा बताएका हुन् ।

कोरोना भाइरस महामारीले बिथोलेको वैदेशिक रोजगारी र श्रम बजार पुरानै लयमा फर्कन थालेको भन्दै श्रेष्ठले कोरोना महामारीका कारण धेरैले वैदेशिक रोजगारीमा जाने अवसर पनि गुमाएको भएपनि पछिल्लो समय वैदेशिक रोजगारी फेरि पुरानै लयमा फर्किसकेको बताए ।

श्रेष्ठले भने, 'वैदेशिक रोजगारीमा जाने श्रमिकको तथ्यांक हेर्ने हो भने, पछिल्लो चार वर्ष निरन्तर घटेकोमा यो वर्ष हामी २०७४ साल अघिको अवस्थामा पुगिसकेका छौं ।' अघिल्लो वर्ष २ लाखले कमी – बाँकी पृष्ठ २ मा

## मञ्चद्वारा श्रम सचिवसँग भेट

काठमाडौं/मस- प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले संख्या सयको समस्या समाधानका लागि भेटघाट र ध्यानाकर्षण गराउने क्रम जारी राखेको – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## को हुन् श्रममन्त्री कुँवर ?



काठमाडौं/मस- प्रधानमन्त्रीको सिफारिसअनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले शेरबहादुर कुँवरलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीमा नियुक्त गरेकी छन् । नवनियुक्त मन्त्री – बाँकी पृष्ठ २ मा


## म्यानपावर बिक्रिमा

साउदी आईडी भएको, कोटा पनि पुगेको, चालु अवस्थाको म्यानपावर अफिस सहित बिक्रीमा छ । लिन चाहने महानुभावले तुरून्त सम्पर्क गर्नुहोला ।

सम्पर्क: ९८४१३३५६१८, ९८४७२१८००६

## KUWAIT मा रोजगार | कम्पनी: DALCO LIMITED COMPANY WLL.

पूर्व स्वीकृत मिति: २०७९/०३/१२ चलानी नं.: ६०१८१८२९ LT. No.: 265805 शहर: KUWAIT

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ६९,३६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 5 | 0 | | 170 | ६९,३६२ | | | | | | | |
| 3. | Labor | 80 | 0 | | 95 | ३८,७६१ | | | | | | | |
| 4. | Mason | 15 | 0 | | 110 | ४४,८८१ | | | | | | | |
| 5. | Raker | 8 | 0 | | 110 | ४४,८८१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार २० गते सम्म (4 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.

Govt Lic. NO. 647/063/064

P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Mobile: 9851038901, 9841669457, 9818550053, 9810330880, 9801026390

मध्यान्ह
www.madhyanhadaily.com
१३ असार २०७९, सोमबार
27 June 2022, Monday

# लागूऔषध दुर्व्यसनबाट युवालाई बचाउनु सबैको दायित्व हो : गृहमन्त्री खाण




**काठमाडौं/मस-** गृहमन्त्री बालकृष्ण खाँणले लागूपदार्थको दुर्व्यसनबाट युवालाई बचाउनु सबैको दायित्व भएको बताएका छन् । लागूऔषध दुरुपयोग तथा ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा आयोजित एक समारोहमा उनले उनीहरुलाई दुर्व्यसनबाट बचाउनु सरकारसँगै समाजको पनि उत्तिकै दायित्व भएको धारणा राखे ।

गृहमन्त्री खाँणले युवाको सुरक्षित भविष्य र आम नागरिकको जीवन रक्षा गर्न सरकार प्रतिबद्ध रहेको बताए । लागूपदार्थको दर्व्यसनका कारणले समाजलाई गम्भीर असर पारेको र त्यो असर सबैभन्दा बढी युवा पुस्तामा परिरहेकातर्फ सचेत हुन उनले सबैमा अनुरोध गरे ।

उनले युवा पुस्ताको भविष्य सुन्दर बनाउन सरकारले आगामी दिनमा चेतनामूलक कार्यक्रमका साथै पाठ्यपस्तकमा लागूऔषध दुर्व्यसनका असरबारेका विषयवस्तु समावेश गरेर विद्यार्थीलाई बेलैमा जानकारी गराउनुपर्ने आवश्यकता औंल्याए । उनले दुर्व्यसनमा फसेका युवालाई सुधार्न विषेश अभियान थाल्नुपर्नेमा जोड दिए ।

उनले लागूऔषध दुर्व्यसन र त्यसको अवैध ओसार पसार रोक्न सरकारले संवेदनशील भएर काम गरिरहेको जानकारी दिए । 'नेपालमा लागूपदार्थको दुरुपयोग र अवैध ओसारपसार चुनौतीको रुपमा आइरहेको छ, यसले समाजलाई गम्भीर असर पारेको छ, बढी युवा पुस्तामा असर गरेको छ', गृहमन्त्री खाँणले भने, 'सरकार यो संवेदनशील विषयमा आफ्ना नागरिकको रक्षा र युवा पुस्ताको सुन्दर भविष्य बचाउन प्रतिबद्ध छ ।'

उनले आउने दिनमा सरकारले अझै बढी ध्यान दिने, जनजागरुकताका कार्यक्रम ल्याउने, पाठ्यपुस्तकमा पनि विषय समावेश गरी विद्यार्थीलाई बेलैमा जानकारी दिने, दुर्व्यसनमा फसेका युवाहरुलाई सुधार्ने अभियान थाल्नुपर्नेमा जोड दिए । मुलुकमा लागूऔषध सम्बन्धिको अपराधमा दोषी देखिएका छ हजार बढी मानिस कारगारमा रहेको र मुलुकभर हुने आपराधिक गतिविधिमध्य आठ प्रतिशतभन्दा बढी लागूपदार्थसँग सम्बन्धित रहेको गृहमन्त्री खाँणले जानकारी दिए ।

कार्यक्रममा गृहसचिव टेकनारायण पाण्डे र नेपाल प्रहरीका महानिरीक्षक धीरजप्रताप सिंहले लागूऔषधमुक्त परिवार, समाज र राष्ट्र निर्माण गर्न सबै नागरिक आफ्नोतर्फबाट सचेत हुन आवश्यक रहेको बताए ।

कार्यक्रममा लागूऔषधविरुद्ध कार्य गर्ने विभिन्न संघसंस्थालाई सम्मानसमेत गरिएको थियो । 'मानवीय स्वास्थ्य सङ्कटका बेला झन्, लागूऔषध चुनौतीको गरौं सम्बोधन' भन्ने मूलनाराका साथ आयोजित औपचारिक समारोह अघि सचेतनामूलक र्‍यालीसमेत निकालिएको थियो ।

# प्रेस काउन्सिलका अध्यक्ष बस्नेतलाई नहटाउन सर्वोच्चको अन्तरिम आदेश

**काठमाडौं/मस-** चार महिना अघि जारी भएको अल्पकालिन अन्तरिम आदेशको निरन्तरता दिँदै सर्वोच्च अदालतले आइतबार प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतलाई नहटाउन सरकारका नाममा आदेश दिएको छ ।



फागुन १९ मा जारी अन्तरिम आदेशको निरन्तरता दिँदै सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र हरि फुयालको संयुक्त इजलासले अध्यक्ष बस्नेतलाई हटाउने उद्देश्यले सोधिएको स्पष्टीकरणको प्रक्रिया अघि नबढाउन सरकारका नाममा आदेश दिएको हो ।

आइतबार भएको सुनुवाईमा अधिवक्ताहरु अनन्तराज लुईंटेल, विकास भट्टराई, विशाल कुमार उपाध्याय र प्रतिभा उप्रेतीले कानुनी आधारविना बस्तेतलाई हटाउन खोजेकोले सर्वोच्च अदालतले अन्तरिम आदेश मार्फत सरकारको तयारी निस्तेज गराउन अन्तरिम आदेश माग गरेका थिए ।

प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६(१)(क) बमोजिम ४ बर्षको किटानी पदावधिका लागि नियुक्ति भएकोमा पूर्वाग्रह राखी सरकार परिवर्तन भएपछि हटाउने उद्धेश्यले बस्नेतसँग स्पष्टीकरण सोधिएकोले पूर्वाग्रही स्पष्टीकरणका आधारमा हटाउने प्रक्रिया अघि बढ्न नसक्ने कानुनविद्हरुको जिकिर थियो ।

यसअघि न्यायाधीश तेज बहादुर केसीको एकल इजलासले फागुन १९ मा प्रारम्भिक सुनुवाई गरी अल्पकालिन अन्तरिम आदेश जारी गरी बस्नेतलाई नहटाउन आदेश दिएको थियो । आफूलाई हटाउनका लागि मन्त्रिपरिषदले स्पष्टीकरण सोधेको विषयमा प्रश्न उठाई बस्नेत सर्वोच्च पुगेका थिए ।

प्रेस काउन्सिल स्वतन्त्र, स्वायत्त र अर्धन्यायिक निकाय भएकाले त्यसको काम कारबाहीमा सरकारी हस्तक्षेप अमान्य हुने दावी अदालतमा गरिएको छ । अधिवक्ता समेत रहेका बस्नेतलाई अघिल्लो केपी ओली नेतृत्वको सरकारले ४ वर्षका लागि काउन्सिलमा अध्यक्ष पदमा नियुक्त गरेको थियो ।

वर्तमान सरकारले भने नेपाल पत्रकार महासंघमा बस्नेतको सदस्यताको विवाद झिकि पदबाट हटाउन स्पष्टीकरण सोधेको थियो । अध्यक्ष बस्नेतले आफू २०५२ सालदेखि पत्रकारितामा रहेको, २०५५ सालदेखि महासंघमा क्रियाशिल रहेको जानकारी गराउँदै काउन्सिलमा नियुक्त हुनका लागि महासंघको सदस्यता खुलाइरहन नपर्ने जिकिर गरेका थिए ।

अध्यक्ष बस्नेतले झण्डै २० वर्ष कान्तिपुर दैनिकमा सक्रिय पत्रकारिता गरेका थिए । नेपाल टेलिभिजनको बोर्ड सदस्य हुँदै उनी २०७८ जेठ २० गते अध्यक्ष पदमा नियुक्त भएका हुन् ।

उनी नियुक्ति भए लगत्तै अनलाईन र सामाजिक सञ्जाल व्यवस्थापनमा सक्रियता देखाएका छन् । त्यस्तै पत्रपत्रिकामा आचारसंहिता पालनामा समेत कठोर कदम चालिरहेका छन् । उनल अनलाईनलाई समेत नियमनको दायरमा ल्याएका ल्याएका छन् भने अनलाइन दर्ताअघि अनिवार्य अभिमुखीकरण कक्षा शुरु गरेका छन् । अध्यक्ष बस्नेत नेतृत्वको काउन्सिलको अनलाईन नियमन गर्ने काम कारबाहीलाई उच्च अदालत पाटनले हालै जारी गरेको अन्तरिम आदेशले समेत सदर गरिसकेको छ ।

## मन्त्रिपरिषद् ...

एकीकृत समाजवादीको केन्द्रीय कमिटीको बैठकले पार्टीको निर्णय अनुसार मन्त्री हेरफेर नगरे अपमानको रुपमा बुझ्ने चेतावनी दिएको थियो ।

तीन साताको अवधिमा एकीकृत समाजवादी बाहिरबाट मात्रै नभएर पार्टी भित्रैबट समेत मन्त्री हेरफेर रोक्न खोजिएको थियो । मन्त्री हेरफेरले अस्थिरताको संदेश जाने भन्दै १० जनाले पार्टी अध्यक्ष नेपाललाई पत्र नै लेखेर मन्त्री हेरफेरको निर्णयको विरोध गरे । १० जना मध्ये ६ जना हस्ताक्षर फिर्ता लिए । अनेक तिकडम र मन्त्री हेरफेर रोक्ने प्रयासका बाबजुत तीन साता पछि भए पनि एकीकृत समाजवादीको निर्णय कार्यान्वयन गर्न प्रधानमन्त्री शेरबहादुर देउवा वाध्य भए । निर्णय आएको तीनसाता पछि प्रधानमन्त्री देउवाले नेकपा एकीकृत समाजवादीबाट नियुक्त भएका मन्त्री हेरफेर गरे । जस अनुसार एकीकृत समाजवादीबाट जीवनराम श्रेष्ठ संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री, मेटमणि चौधरी शहरी विकास मन्त्री, शेरबहादुर कुँवर श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री, भवानी खापुङ स्वास्थ्य तथा जनसंख्या मन्त्री र हीरा केसी स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री बनेका छन् ।

## कानूनमन्त्रीको ...

प्रक्रियालाई कम खर्चिलो बनाउन सकिन्छ कि ? भनेर प्रश्न गरेका थिए । जवाफमा मन्त्री कोइरालाले समयमै कानुन बनाउन र कम खर्चिलो बनाउन संसदीय प्रोसेसलाई व्यवस्थित बनाउन आवश्यक रहेको बताएका हुन् ।

'राष्ट्रिय सभा नियमावली छ, प्रतिनिधिसभा सनयमावली छ । दुबै सदनमा कानुन (विधेयक) जानुपर्ने, त्यहाँ काफी छलफल हुने, संशोधनहरु पर्ने, संसदीय समितिमा जाने, समितिबाट संशोधनहरु भएर जाने जुन खालको प्रक्रिया हामीले अवलम्बन गरेका छौं । प्रक्रियाको कारणले समय लागेर कानुन बन्न नसकिरहेको र खर्चिलो बन्न गएको अवस्था छ । त्यो कुरालाई म कानुन मन्त्रीको हैसियतले स्वीकार गर्छु । यसमा अझै छलफल गरौं, के सुधार गर्नुपर्छ मन्त्रालय ओपन रहेको बेहोरा अनुरोध गर्न चाहन्छु' मन्त्री कोइरालाले भने । संसदीय प्रक्रियाका कारण कानुन निर्माणमा बिलम्ब र खर्चिलो भएको टिप्पणी गरेका मन्त्री कोइरालाले जनसहभागिता बढाउनुपर्नेमा भने जोड दिए ।

'कुनै पनि कानुन बन्दा त्यसमा ब्यापक पब्लिक डिबेट, सरोकारवलाहरुको अनुसन्धान आवश्यक छ । अनुसन्धान नगरी र छलफल नगराई हतार हतारमा कानुन बनाउँदा कतिपय अवस्थामा व्यवहारमा कार्यान्वयन हुन नसकिरहेको पाएका छौं' उनले भने । कानुन निर्माणको सन्दर्भमा सरकारले नेपाल कानुन आयोगलाई लिगल थिङ्क टयाङ्कको रुपमा विकास गरेर जाने सोच बनाएको र त्यसअनुसार कार्यहरु अगाडि बढाएको पनि उनले जानकारी दिए । 'कुनै पनि इस्वुमा कानुन बनाउँदा ल कमिसन छ । त्यसलाई लगल थिङ्क ट्याङ्कको रुपमा विकास गरेर, अध्ययन गर्न लगाएर आएको निष्कर्षलाई जनतामा लगेर छलपल गराउने र त्यसबाट आएको आधारमा कानुन निर्माण गर्नुपर्छ' उनले भने ।

## वैदेशिक ...

आएकोमा यो वर्ष ३ लाख ६८ हजारले वृद्धि भएर ५ लाख ३४ हजार बढीले श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगारीमा जाने कामदारको संख्यामा वृद्धि हुँदा मुलुकको वैदेशिक मुद्रा आर्जनको प्रमुख श्रोत विप्रेषण आप्रवाहमा वृद्धि हुने अपेक्षा गर्न सकिने भन्दै श्रेष्ठले त्यसले जनताको जीवनस्तरमा सुधार, गरिबी निवारण, स्वदेशी अर्थतन्त्र विस्तार, अन्तर्राष्ट्रिय व्यापारजस्ता क्षेत्रमा ठुलो भुमिका खेलेको दाबी गरे ।

विप्रेषणले गरेको योगदानलाई सकारात्मक रुपमा लिएता पनि यसमै निर्भर रहनु सरकारको प्राथमिकता नभएको भन्दै श्रेष्ठले आन्तरिक रोजगारीको अवसर हरूको सिर्जना भई कोही पनि वैदेशिक रोजगारीमा जानु नपरोस् भन्ने मान्यतामा सरकार रहेपनि तत्कालका लागि वैदेशिक रोजगारलाई व्यवस्थित, मर्यादित, सुरक्षित र भरपर्दो बनाउनुपर्ने विषय सरकारको प्राथमिकतामा रहेको बताए । उनले भने, 'अन्तर्राष्ट्रिय श्रम बजारमा प्रवेश गर्नुअघि रोजगारीका लागि चाहिने सीप अनिवार्यरुपमा प्रदान गर्ने विषय, वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूको सीप तथा दक्षता मुलुकमै प्रयोग र सामाजिक तथा आर्थिक पुनःएकीकरणका कार्यक्रम तयार भइरहेका छन् ।'

वैदेशिक रोजगारमा जाने क्रममा ठगी लगायतका समस्याको समाधानका लागि मन्त्रालय लागिपरेको पनि उनले दाबी गरे । जेठ मसान्तसम्ममा मन्त्रालयमा आएका १७ हजार ३ सय ४७ गुनासो तथा समस्यालाई समाधान गरिएको बताउँदे उनले भने, 'विभिन्न मुलुकमा अलपत्र परेका १ हजार १२ जनाको उद्धार गरिएको छ ।' वैदेशिक रोजगारमा नेपाली कामदारहरूको संख्या वृद्धि सँगसँगै यस क्षेत्रमा विभिन्न विकृतिहरू पनि देखा पर्दै आएकाले वैदेशिक रोजगारी सम्बन्धी सेवाहरुलाई छिटो, छरितो, पारदर्शी र प्रभावकारी बनाउन सूचना प्रविधिमार्फत सेवा प्रवाह गरिएको उनले बताए । उनले भने, 'श्रम स्वीकृतिलाई पेपरलेस बनाइ सहजरूपमा सेवा प्रदान गर्न अनलाइन प्रणालीबाट मात्र श्रम स्वीकृति दिन थालिएपछि अनलाइन श्रम स्वीकृति प्रभावकारी बनेको छ । अहिले सेवा लिन लाइन बस्नुपर्ने बाध्यताको अन्त्य भएको छ । गुनासाहरु तत्काल सम्बोधनको व्यवस्था मिलाइएको छ । सेवाग्राहीका समस्या समाधान गर्न, जानकारी एवं सूचना प्रवाह गर्न हेल्प डेस्क स्थापना गरिएको छ ।' वैदेशिक रोजगारीमा जाने श्रमिकसँग सरकारले तोकेभन्दा धेरै रकम लिई ठगी गर्ने विभिन्न म्यानपावर कम्पनीलाई कारबाहीको दायरामा ल्याइएको छ र पीडितलाई क्षतिपुर्ति प्रदान गरिएको बताउँदै उनले चालु आर्थिक वर्षको हालसम्म १५ करोड ३३ लाख रुपैयाँ ठगी रकम असुली गरिएको, १९ करोड ५७ लाख रकम विगो दाबी गरी ७२ वटा मुद्दा अदालतमा दायर गरिएको पनि बताए ।

वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका साथै राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन, गुनासोलाई तत्काल निराकरण गर्न तथा क्षतिपूर्तिको सिफारिस गर्न तथा अन्तर निकाय समन्वयका लागि ऱ्यापीड रेस्पोन्स टिमले काम गरिरहेको दाबी गर्दै उनले वैदेशिक रोजगार सम्बन्धी समस्या हेर्ने गरी छुट्टै प्रहरी एकाइ गठन गर्ने तयारी भएको र हाल प्रहरी नायव उपरीक्षकको नेतृत्वमा वैदेशिक रोजगार विभागमा स्थापना गरिएको प्रहरी युनिटमा जेठ मसान्तसम्म २ सय ९१ उजुरी प्राप्त भएको जानकारी दिए ।

यूएई, साउदी अरेविया तथा भारतमा अलपत्र परेका कयौं श्रमिकहरुलाई उद्धार गरिएको, भिजिट भिसामा यूएई पुऱ्याएर अलपत्र पार्ने काममा संलग्न व्यक्ति वा कम्पनीलाई कारबाही, पीडितको उद्धार गरिएको, वैदेशिक रोजगारीको नाममा ठगी गर्नेहरुलाई नेपालको इतिहासमै पहिलो पटक नेपाल प्रहरीको सहयोगमा रेड कर्नर नोटिस जारी गरी नेपाल ल्याइ कारबाहीको दायरामा ल्याउने प्रक्रिया अघि बढाइएको पनि उनले उल्लेख गरे ।

श्रमिकहरुको हकहितलाई ध्यानमा राखी नयाँ श्रम गन्तव्य मुलुकको खोजी र श्रम सम्झौताको नवीकरण गर्ने कार्यलाई अगाडि वढाइएको भन्दै उनले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र आकर्षक वनाउन हाल कोरिया, इजरायलसँग सरकारी तवरवाट कामदार पठाइने गरेकोमा बेलायतलगायत अन्य देशहरुसँग समेत सोही तवरबाट कामदार पठाउने प्रक्रिया अगाडि वढाइएको जानकारी दिए ।

नयाँ गन्तव्य मुलुकको रुपमा बेलायतसँग पहिलोपटक श्रम समझदारी हुने क्रममा रहेको र माल्दिभ्स, सिसेल्स तथा इजरायलको निर्माण क्षेत्रमा श्रमिक लैजाने सम्बन्धी श्रम सम्झौताको पनि तयारी भइरहेको उनले बताए ।

साउदी अरेविया तथा सेसेल्ससँग नयाँ श्रम सम्झौता एवं संयुक्त अरब इमिरेट्स (यूएई), मलेसिया र कतारसँग भएका श्रम सम्झौतालाई समसामयिक परिमार्जन गर्ने कार्य प्रारम्भ भएको पनि उनले उल्लेख गरे ।

वैदेशिक रोजगारीमा गई अंगभंग वा मृत्यु भएका कामदार र निजका परिवारलाई उपलब्ध गराउने आर्थिक सहायता र छात्रवृत्ति सम्बन्धी सेवालाई समेत अनलाइनमार्फत प्रदान गर्ने व्यवस्था गरिएको र वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर्न सूचना सचेतनासहित विदेशमा काम गर्ने नेपालीहरुको कार्यस्थलको अनुगमन गर्ने कार्यक्रम अघि बढाइएको उनले जानकारी दिए ।

विदेशमा अलपत्र परेका नेपाली कामदारहरुलाई उद्धार गरी तत्काल आश्रय प्रदान गर्न ओमान, कुवेत, यूएई, साउदी अरव र वहराइनमा सेल्टरको व्यवस्था गरिएको र कतार, मलेसिया, यूएई, साउदी अरव, दक्षिण कोरिया, बहराइन, कुवेत, ओमानमा श्रम काउन्सेलर र श्रम सहचारी परिचालन गरिएको श्रेष्ठले जानकारी दिए ।

सात वटै प्रदेशवाट वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति प्रदान गरिएको, श्रम स्वीकृतिका सवै सेवाहरु प्रदेशबाटै प्रदान गर्ने गरी तयारी अघि बढाइएको, वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सहजरुपमा सेवा दिने उद्देश्यका साथ भैरहवामा संचालित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नजिक वैदेशिक रोजगार कार्यालय स्थापना गरिएको जानकारी दिँदै उनले निकट भविष्यमा संचालन हुने पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिक पनि सोही अनुसारको व्यवस्था गर्ने प्रवन्ध अघि बढाइएको जानकारी दिए ।

विभिन्न मन्त्रालयवाट सञ्चालन हुने रोजगारी सम्बन्धी कार्यक्रमहरुको एकीकृत तथ्यांक व्यवस्थापनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने कार्यक्रम रहेको र रोजगारीको एकीकृत राष्ट्रिय प्रणालीको ढाँचा सिफारिस गर्न राष्ट्रिय योजना आयोगको सदस्यको संयोजकत्वमा समिति गठन भई काम भइरहेको भन्दै उनले वर्षौं पुरानो वैदेशिक रोजगार नीति परिमार्जन गरी समयानुकुल बनाउनका लागि गृहकार्य अघि बढाइएको बताए । समग्र प्रयासबाट मुलुकको रोजगारीमा सुधार हुने पनि उनले दाबी गरे ।

सांसदहरूले रेमिट्यान्सको सदुपयोग हुनुपर्ने, सामाजिक सुरक्षामा सबै क्षेत्रकाल श्रमिकहरुलाई समेट्नुपर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई परिमार्जनसहित व्यवस्थित गर्नुपर्ने, सीप विकास गर्ने कार्यक्रमहरु एकीकृतरुपमा संचालन गर्नुपर्ने माग गरेका थिए ।

यसैबीच सोमबार बिहान ९ बजे श्रम मन्त्रालयबाट श्रेष्ठको बिदाइ हुने भएको छ ।

## को हुन्...

कुँवर गैर सांसद् हुन् । उनी नेकपा एकीकृत समाजवादीको सिफारिसमा मन्त्री बनेका हुन् ।

संविधानको धारा ७८ मा संघीय सांसद नभएको व्यक्ति मन्त्री बनेमा ६ महिनाभित्र सांसद बन्नुपर्ने व्यवस्था छ । श्रममन्त्री कुँवर गत फागुन २१ सम्म राष्ट्रिय सभाको सदस्य थिए । अछाम जिल्लाका कुँवर नेकपा एकीकृत समाजवादीका सुदुरपश्चिम कमिटीका उपाध्यक्ष र केन्द्रीय सदस्य हुन् । आगामी निर्वाचनमा उनी अछामबाट एमाले नेता डा. भीम रावलसँग प्रतिस्पर्धा गर्ने तयारीमा रहेको बताइएको छ ।

२०६४ सालमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा कुँवर अछामको क्षेत्र नम्बर १ बाट निर्वाचित भएका थिए । मन्त्री कुँवरले त्रिभुवन विश्वविद्यालयबाट वाणिज्यशास्त्रमा स्नातक तहसम्मको अध्ययन गरेका छन् । २०४२ सालमा विद्यार्थी राजनीतिमा प्रवेश गरेका कुँवर अनेरास्ववियु अछाम जिल्ला अध्यक्ष र एमाले अछाम जिल्ला उपसचिव भइसकेका छन् । नेपाल रेडक्रसका आजीवन सदस्य र अछामस्थित बैजनाथ उच्च माध्यमिक विद्यालयका सल्लाहकार समिति संयोजक रहेका कुँवर सामाजिक क्रियाकलापमा बढी सक्रिय रहने गरेको बताइन्छ ।

## मञ्चद्वारा...

छ । शुक्रबार मञ्चले एमाले संसदीय दलका उपनेतन सुवासचन्द्र नेम्वाङ, प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्त हित समितिका सभापति विमलप्रसाद श्रीवास्तव तथा उपसमिति संयोजक एलपि साँवा लिम्बुलाई ज्ञापनपत्र बुझाएको थियो । मञ्चले आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्याललाई भेटेर म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न लगातार दुई आर्थिक वर्षसम्म सय जना कामदार पठाउनु पर्ने र पठाउन नसकेको अवस्थामा इजाजतपत्र रद्द गर्ने वैदेशिक रोजगार ऐन र नियमावलीको व्यवस्था अव्यवहारिक भन्दै व्यवस्थाको निकास दिन ध्यानाकर्षण गराएको अध्यक्ष राजेन्द्र भण्डारीले जानकारी दिए ।

भेटमा सचिव अर्यालले निकासका लागि मन्त्रालयले सकारात्मक दृष्टिकोण राखी उच्चतम प्रयास गरिरहेको भन्दै सबै व्यवसायीको इजाजत नवीकरण हुने अवस्था बन्ने धारणा राखेको पनि अध्यक्ष भण्डारीले बताए ।

मञ्चले बिहीबार पार्टीको वैदेशिक रोजगार विभाग समेतका इन्चार्ज भानुभक्त ढकाललाई पनि भेटेर संख्या सय समस्या समाधानको लागि पार्टीले पहल गरिदिनुपर्ने माग गर्दै ज्ञापनपत्र बुझाएको थियो ।

# किसानले आफ्नो उत्पादनको मूल्य आफै तोक्न पाउनुपर्छ : अध्यक्ष त्रिपाठी



**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, १२ असार

जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयेश त्रिपाठीले किसानले आफ्नो उत्पादनको मूल्य आफै तोक्न पाउनेपर्ने बताएका छन् ।

कपिलवस्तुमा आयोजित कार्यकर्ता भेला तथा नवनिर्वाचित जनप्रतिनिधिहरूको सम्मानमा आयोजित कार्यक्रममा अध्यक्ष त्रिपाठीले किसानहरू मतदाता, करदाता मात्र नभएर अन्नदाता समेत भएको बताए । उनले कृषिमा नभइ किसानमा लगानी गर्नुपर्ने बताए ।

जप्रपा नेपालका उपाध्यक्ष फरहान अकबाल खानले किसानमा लगानी बढाउनुपर्ने भन्दै देशलाई समृद्ध बनाउन किसानको योगदान अविस्मरणीय रहने बताए ।

महासचिव ईश्वर दयाल मिश्रले किसानको समस्याका लागि आफू र आफ्नो पार्टी सँधै लडिरहने, किसानको आवश्यकता तथा समस्या सरकारले सम्बोधन तत्काल गर्नुपर्ने बताए । किसानको समृद्धिबाट नै देशको समृद्धि रहेको उनको भनाइ छ ।

जप्रपा नेपालका केन्द्रीय सदस्य तथा कपिलवस्तु अध्यक्ष राम प्रकाश पाण्डेय ( चक्रधारी पाण्डेय) को अध्यक्षतामा भएको कार्यक्रममा जप्रपा नेपालका केन्द्रीय सदस्य राम निवास यादव, राजन उपाध्याय, रूपन्देही जिल्लाको मरचवारी गाउँपालिका अध्यक्ष गयादीन बरई, जप्रपाका नेता श्याम कुमार मिश्र र राम रूप बढ्ई लगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य जप्रपा नेपालका महाराजगंज नगर अध्यक्ष मोहम्मद हई मुसलमानले गरेका थिए । कार्यक्रममा गोबर्धन मौर्य, राजा पाण्डेय, लवकुश तिवारी, हरीराम चौधरी लगायत हजारौं कार्यकर्ता तथा शुभचिन्तकहरूको उपस्थित थियो । कार्यक्रमको सञ्चालन जप्रपा नेपाल कपिलवस्तु जिल्ला उपाध्यक्ष सुरेन्द्र तिवारीले गरेका थिए ।

# सवारीसाधनको भाडा घट्यो

**काठमाडौं/मस-** सरकारले अन्तर प्रदेश चल्ने सार्वजनिक यातायातमा भाडा घटाएको छ । नेपाल आयल निगमले शनिबार डिजेल र पेट्रोलको भाउ कम गर्ने निर्णय गरेपछि सोही आधारमा यात्रुबाहक र मालबाहक सवारीसाधनको भाडादर कम गरिएको हो ।



यसअघि पटकपटक पेट्रोलियम पदार्थको भाडा बढ्दा भाडादर बढेको थियो । यातायात व्यवस्था विभागले यात्रुबाहक सवारीसाधनमा यसअघि कायम भाडादरभन्दा पाँच दशमलव ४१ प्रतिशत भाडा कम गरेको छ । अहिले डिजेल प्रतिलिटर रु २९ र पेट्रोल प्रतिलिटर रु २० कम भएकाले त्यसैका आधारमा भाडादर घटाउने निर्णय भएको विभागले जनाएको छ ।

पहाडी बाटोमा चल्ने मालबाहक सवारीसाधनमा ६ दशमलव ९७ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने मालबाहक सवारीसाधनमा सात दशमलव ६८ प्रतिशत भाडा घटाइएको छ । वैज्ञानिक भाडा समायोजन प्रणालीमा इन्धनको मूल्य पाँच प्रतिशत वा सोभन्दा बढीले घटेमा वा बढेमा स्वचालितरुपमा भाडादर परिवर्तन हुने उल्लेख छ । पछिल्लो पटक गत असार ६ मा भाडादर समायोजन गरिएको थियो ।

# पेस्तोल र गोलीसहित दुईजना पक्राउ

**काठमाडौं/मस-** प्रहरीले काठमाडौंको नयाँ बसपार्कबाट पेस्तोल र गोलीसहित दुई जनालाई पक्राउ गरेको छ । प्रहरी प्रभाग नयाँबसपार्कबाट खटिएको प्रहरी टोलीले काठमाडौं महानगरपालिका-२६ मित्रनगरस्थित एक खाजा घरबाट हातहतियारसहित काठमाडौं महानगरपालिका-१७ धोविचौरका ४२ वर्षीय जोयल थापा र नवलपरासी वर्दघाट नगरपालिका-१४ का ३० वर्षीय राजु विकलाई शनिबार पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले पेस्तोल र गोली बोकेर हिँडिरहेका अवस्थामा दुवैजनालाई पक्राउ गरिएको जानकारी दिए । पक्राउ परेकासँग कटुवा पेस्तोल एक थान, गोली एक थान, खोका एक थान र हातमा लगाउने फलामको पञ्च एक थान बरामद गरिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# 'न्यायाधीश नियुक्ति स्वतन्त्र र निष्पक्ष हुनुपर्छ'



**काठमाडौं/मस-** कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले न्यायाधीशको नियुक्ति राजनीतिक भागबण्डाभन्दा पनि निष्पक्ष र स्वतन्त्ररुपमा योग्यता तथा क्षमताका आधारमा हुनुपर्ने बताए ।

राष्ट्रियसभाको आइताबाको बैठकमा विनियोजन विधेयक २०७९ अन्तर्गत विभिन्न मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै विकृति र विसङ्गतिको सुरुवात न्यायाधीश नियुक्तिबाटै हुने गरेको प्रस्ट पारे ।

मन्त्री कोइरालाले भने, 'हामीले न्यायाधीश नियुक्ति गर्दा योग्यता, क्षमता र उसको निष्पक्षता, उसले आजसम्म गरेर आएको कामका आधारमा न्यायाधीशका निम्ति योग्य छ कि छैन भन्ने आधारमा हेरेनौं, मेरो मान्छे र तेरो मान्छे भनेर न्यायाधीशको नियुक्ति गर्‍यौं, त्यसले गर्दा पटकपटक न्यायपालिकाभित्र राजनीतिक नियुक्त भयो भन्ने टिप्पणी आयो, विभिन्न प्रतिवेदनले पनि त्यही भन्छ ।' उनले न्याय प्रणालीलाई सर्वसुलभ बनाउने र न्यायमा समान पहुँचका निम्ति सरकारले कानूनी सहायता कार्यक्रमलाई लामो समयदेखि सञ्चालन गर्दै आएको बताए । कानून मन्त्रालयअन्तर्गत नै कानूनी सहायता समिति रहेको जनाउँदै उनले जसले न्यायको पहुँचमा वृद्धि गर्ने विश्वास व्यक्त गरे ।

उनले भने, 'नेपालको कानूनी प्रक्रियालाई कम खर्चिलो बनाउने विषयमा प्रश्न उठेको छ, मन्त्रालयको प्राथमिकता कुनै पनि विषयमा कानून बनाउँदा सरोकारवालासँग छलफल र अनुसन्धान गरेर मात्रै कानून निर्माण गर्ने भन्ने छ ।'

उनले सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता, हत्यालगायत मानव अधिकार उल्लङ्घनका घटनाका बारेमा सरकारले पहिलो प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम र बजेटमा समेत समावेश गरिएको जानकारी दिए । संक्रमणकालीन न्यायलाई जतिसक्दो चाँडो टुङ्ग्याउने पक्षमा सरकार रहेको उनको भनाइ छ ।

मन्त्री कोइरालाले मन्त्रालयले अनावश्यकरुपमा तालिम र गोष्ठीको आयोजना नगरेको प्रस्ट पार्दै संघीयता कार्यान्वयनका लागि विभिन्न कानून निर्माण कार्य भइरहेको जानकारी दिए ।

सांसद देवेन्द्र दाहाल, प्रकाश पन्थ, खिमलाल देवकोटालगायत १५ सांसदहरुले कानून मन्त्रालयलाई विनियोजन बजेटमाथिको आफ्नो धारणा राखेका थिए ।

### आयोगको वार्षिक प्रतिवेदन प्रस्तुत

आइतबारको बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट मन्त्री कोइरालाले लोकसेवा आयोगको ६२औं वार्षिक प्रतिवेदन पेश गरेका छन् ।

संवैधानिक व्यवस्थाबमोजिम मन्त्री कोइरालाले आयोगको वार्षिक प्रतिवेदन २०७७/७८ पेश गर्नुभएको हो । बैठकमा अहिले राष्ट्रियभामा उत्पत्ति भएको नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७८ माथि सैद्धान्तिक छलफल भइरहेको छ ।

# बेसिशहर–चामे सडक बन्द

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १२ असार



लमजुङ बेसिशहर-चामे सडकखण्ड बन्द गरिएको छ । यस सडकखण्डको सल्लाघारी भिरमा सडक ढलान गर्नका लागि आइतवार बिहान ६ बजेदेखि १३ गते साँझ ६ बजेसम्मका लागि सडक बन्द गरिएको डुम्रे-बेसिशहर-चामे सडक योजना कार्यालयका इञ्जिनीयर पुरुषोत्तम अधिकारीले बताए ।

उनले भने, 'बेसिशहर चामे सडकखण्डअन्तर्गत मनाङको चामे गाउँपालिका-२ सल्लाघारीमा साँघुरो सडक रहेकाले ढलान गर्नका लागि सवारीसाधन पूर्णरुपमा बन्द गरिएको छ ।'

सो गाउँपालिकाको विभिन्न ठाउँमा उक्त आयोजना कार्यालयमार्फत ठेक्कामा ढलान कार्य भइरहेको छ । गाउँपालिकाले ढलान सहजरुपमा गर्नका लागि मनाङको जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाएकामा उक्त कार्यालयले बुधबार एक सूचना जारी गर्दै सडक बन्द गरी ढलान कार्यमा सहज बनाउन बाटो बन्दगरेसँगै दुई दिन सडक बन्द गरिएको हो । यहाँ पैदल यात्रुबाहेक सबै प्रकारका सवारी साधनलाई आवतजावत गर्न जिल्ला प्रशासन कार्यालयले रोक लगाएको छ ।

सल्लाघारीमा एक दम गाह्रो ठाउँ रहेछ, तल र माथि ठूलो भिरका बीचमा सडक रहेको र साँघुरो सडकका कारण जोखिम हुने भएकाले सवारीसाधन पूर्णरुपमा बन्द गरी ढलान सुरु गरिएको हो । बेसिशहर-चामे सडकखण्डअन्तर्गत यहाँ २० मिटर सडक ढलान हुने कार्यालयका सूचना अधिकारी समेत रहेका इञ्जिनीयर अधिकारीले जानकारी दिए ।

हिमाली जिल्ला मनाङलाई सडक सञ्जालमा जोड्ने सरकारको योजनाअनुरुप विसं २०५१ देखि सडक डिभिजन कार्यालय दमौली-तनहुँ शाखाले बेसिशहर चामे सडक निर्माण अघि बढाएको थियो तर पछि जनयुद्ध र अन्य विविध कारणले तत्कालीन नेपाली सेनाले उक्त सडक विसं २०५७ देखि निर्माण गर्ने पुनःजिम्मेवारी प्राप्त गर्‍यो ।

तत्कालीन नेपाली सेनाले शान्ति प्रक्रियपछि मात्र सडक निर्माणलाई निरन्तरता दिँदै बाँदरसमेत लड्लाजस्तो जोखिमपूर्ण भिरमा ज्यानको बाजी लगाउँदै विसं २०६९ मा सडक निर्माण गरी सडक डिभिजन कार्यालयलाई हस्तान्तरण गरेको थियो । उक्त सडकको ६५ किलोमिटरमध्ये लमजुङतर्फ ३५ र मनाङतर्फ ३० किमी छ । यस सडकमा दैनिक दर्जनौं जीप, साना तथा मालवाहक सवारीसाधन गुड्ने गर्दछ । सवारीसाधन नचल्दा यात्रु मर्कामा पर्ने गरेको छ ।

# खोजमुलक पत्रकारितामा कलम चलाउन नगरप्रमुख खड्काको आग्रह

**रामप्रसाद सुवेदी/मध्यान्ह**
दाङ, १२ असार

तुलसीपुर उपमहानगरपालिकाका नगर प्रमुख टिकाराम खड्काले पत्रकार लोकतन्त्रका जननी भएको बताएका छन् । रेडियो हाम्रो पहुँचको आयोजना तथा सामुदायिक रेडियो प्रसारक संघ (अकोराब)को प्राविधिक सहयोगमा तुलसीपुरमा भएको सामुदायिक रेडियोकर्मीहरुका लागि ३ दिने क्षमता विकास तालिमको समापन कार्यक्रममा बोल्दै नगर प्रमुख खड्काले समाजमा हुने हरेक असल र खराब कुराको विषयमा पत्रकारहरुले कलम चलाउनुपर्ने बताए ।

कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका खड्काले पत्रकारिता पेशा मर्यादित र विश्वासिलो पेसा भएको हुँदा खोजमुलक पत्रकारितामा जोड दिँदै सत्य तथ्य बुझेर मात्रै कलम चलाउनुपर्ने बताए ।




छोटो समयमा धेरै कुराको ज्ञान आर्जन गरिने हुँदा तालिम भनेको विश्वविद्यालय जस्तै प्रभावकारी हुने खड्काले बताए । ज्ञान भन्ने कुरा जति प्रयोग गर्‍यो त्यति धेरै बढ्ने हुँदा सिकेको कुरालाई व्यवहारिक रुपमा लागू गर्न पनि उनले आग्रह गरे ।

कार्यक्रमका विशिस्ट अतिथि तथा मुख्य प्रशिक्षक सामुदायिक रेडियो प्रसारक संघ (अकोराब)का म्यानेजर दिपक आचार्यले सञ्चार माध्यमहरुमा गरिएको सर्वेक्षणमा सबैभन्दा बढी प्रयोग गरिने सञ्चार माध्यमको रुपमा रेडियो रहेको हुँदा रेडियो सुन्ने व्यक्ति घटे भनेर चिन्ता मान्नुपर्ने अवस्था नरहेको बताए । पत्रकारले स्वतन्त्र निष्पक्ष र सबैलाई न्याय हुने खालका विषयमा कलम चलाउनुपर्नेमा उनले जोड दिएका थिए । पश्चिम दाङका ५ वटा सामुदायिक रेडियोहरुमा काम गरिरहेका सामुदायिक रेडियोकर्मी सहभागी ३ दिनसम्म सञ्चालन भएको तालिमको मुख्य प्रशिक्षकको रुपमा अकोराबका म्यानेजर दिपक आचार्य रहेका थिए ।

कार्यक्रममा सहभागीका तर्फबाट सामुदायिक रेडियो हापुरेका कार्यालय प्रमुख रामप्रसाद सुवेदी, सामुदायिक रेडियो प्रकृतिका बजार प्रमुख प्रेमा कुमारी मगर, सामुदायिक रेडियो पाठशालाका प्रशासन प्रमुख गोपाल प्रसाद उपाध्याय लगायतकाले बोलेका थिए । कार्यक्रमको सहजीकरण रेडियो हाम्रो पहुँचका स्टेसन म्यानेजर बसन्त पौडेलले गरेका थिए ।

# सिंहदरबार वैद्यखानामा लक्ष्य अनुसार औषधि उत्पादन हुन सकेन




काठमाडौं/मस- सिंहदरबार वैद्यखाना विकास समितिले चालु आर्थिक वर्षमा लक्ष्यको करिब एक तिहाइ मात्र औषधि उत्पादन गरेको छ ।

चालु आवमा ४५ हजार ८१२ किलोग्राम औषधि उत्पादनको लक्ष्य राखेकामा १४ हजार ६३८ केजी मात्र उत्पादन गर्न सकिएको उत्पादन शाखा प्रमुख डा हरिदेवप्रसाद यादवले जानकारी दिए । यो लक्ष्यको ३१.९६ प्रतिशतमात्र हो ।

यो वर्ष जडीबुटी ल्याउन ठेक्का ढिला भएकाले पनि कम औषधि उत्पादन भएको हो । गत जेठमा मात्र जडीबुटी ल्याउने ठेक्का भएको थियो । ठेक्का सम्झौता भने हुने क्रममा रहेको उनले बताए ।

आर्थिक वर्ष २०७७/७८ मा ५७ हजार ८२७ केजी औषधि उत्पादनको लक्ष्य थियो । गत आवमा पनि लक्ष्यको २३.२८ प्रतिशत अर्थात् १३ हजार ४६३ केजीमात्र औषधि उत्पादन भएको थियो । गत वर्ष भने ठेक्का गरेर जडीबुटी भण्डारमा भए पनि कोरोनाको प्रभावका कारण पनि कम उत्पादन भएको जनाइएको छ । चालु आर्थिक वर्षमा २३ लट अर्थात् १२ हजार ७५ केजी च्यवनप्राश बनेको छ । एक लटमा ५२५ केजी हुने पनि उत्पादन शाखा प्रमुख यादवको भनाइ छ ।

# जथाभावी मूल्य वृद्धि गर्नेलाई कारबाही




**काठमाडौं/मस-**पेट्रोलियम पदार्थको भाउ बढेको निहुँमा जथाभावी मूल्य वृद्धि गर्नेलाई कारबाही हुने भएको छ ।

रुस-युक्रेन युद्धलाई देखाएर जथाभाबी भाउ बढाएका व्यापारीले पछिल्लो समय पेट्रोलियम पदार्थको भाउ बढेको निहुँमा आफूखुशी मूल्य बढाएका छन् । तर, हरेक दिन बजार अनुगमन भइरहे पनि पेट्रोलियम पदार्थको भाउ बढेकाले कारबाही हुन सकेको थिएन । अब भने सरकारले पेट्रोलियम पदार्थको भाउ घटाएकाले बजार अनुगमनमा कडाइ गर्ने वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले जनाएको छ ।

विभागका निर्देशक हरि पङ्नीले जथाभाबी भइरहेको मूल्यवृद्धिलाई नियन्त्रणमा लिन आइतबारदेखि अनुगमन टोलीको सङ्ख्या बढाएर बजार अनुगमन हुने जानकारी दिए । त्यसका लागि जनशक्ति पनि थपिएको छ । अहिले हेरक दिन विभागका तीन-चार टोली बजार अनुगमनमा खटिएका छन् । अब यसमा थप दुई-तीन टोली थपेर अनुगमनलाई बढाउने उनले बताए । शनिबार पेट्रोलमा २० रुपैयाँ र डिजल तथा मट्टीतेलमा प्रतिलिटर २९ रुपैयाँले भाउ घटाउँदै सरकारले बजारमा भइरहेको मूल्यवृद्धिलाई नियन्त्रणमा लिन पनि निर्देशन दिएको थियो ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

*तेस्रो पटक प्रकाशित मिति २०७९/०३/१३*

यस कम्पनीको मिति २०७९/०१/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०२/२७ को निर्णय अनुसार साविक कम्पनी **ईर्जी प्रोपर्टी सोलुसन प्रा.लि.** (प्रा.लि.नं. २३११०९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको **भिजन रियल स्टेट प्रा.लि.** अंग्रेजीमा **Vision Real Estate Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



**साउदीमा रोजगारको अवसर** | १. कम्पनी : **CREPARISTA CAFE TO SERVE DRINKS**
शहर : **DAMMAM**

पूर्व स्वीकृत मितिः २०७८/०३/२४ चलानी नं.: ६०१५९८८६ L.T. No.: 241989 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | General Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ असार २० गते (4 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Five Star International Overseas Pvt. Ltd.**
Lic. No.: 205/057/058 GPO Box: 8975, EPC: 1801, Nakhu Dobato, Lalitpur, Tel.: 5542662, Fax: 5544843



**Karnali Provincial Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure DevelopmentDirectorate**

## Infrastructure Development Office

**Dailekh, Nepal**

**Letter of Intent**

**Date of Publication: 2079/03/13 (27 June 2022)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders, successful in bids under PPMO's E-Procurement portal, **IFB No: 05-2078/079**published in National Newspaper on **2079/02/11 (25th May 2022)**that the *"Letter of Intent"* has been issued in favor of following bidders who are substantially responsive lowest evaluated bidders fulfilling all the Qualification Criteria.

| S. N. | Contract ID. Number | Name of the Projects | Substantially Responsive Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | IDO/DAILEKH/Goods/NCB-01-078/079 | Fabrication of steel parts and transportation up to road head of Trail Bridge (Truss & N-Type) | **Hetauda Fabrication and Galvanizing Pvt.Ltd Hetauda -8 Makawanpur Nepal** | **81,84,799.9** |
| 2 | IDO/DAILEKH/Goods/NCB/02/078/079 | Fabrication of steel parts and transportation up to road head of Trail Bridge ( D-Type) | **Hetauda Fabrication and Galvanizing Pvt.Ltd Hetauda -8 Makawanpur Nepal** | **1,03,34,930.22** |

**Acting Office Chief**

मध्यान्ह
www.madhyanhadaily.com
१३ असार २०७९, सोमबार
27 June 2022, Monday

## सम्पादकीय

# नदेखेको सम्भावित संकट

प्रधानमन्त्री शेरबहादुर देउवाले आइतबार साँझ मन्त्रिपरिषद् पुनर्गठन गरेका छन् । प्रधानमन्त्री देउवाले नेकपा एकीकृत समाजवादीका चार मन्त्री र एक राज्यमन्त्री हेरफेर गर्दै मन्त्रिपरिषद् पुनर्गठन गरेका हुन् । एकीकृत समाजवादीले भने जेठ २२ गते नै मन्त्री हेरफेरको निर्णय गरेको थियो । तर प्रधानमन्त्री देउवाले एकीकृत समाजवादीको निर्णय कार्यान्वयन गरेका थिएनन् । संसदबाट बजेट पारित हुन बाँकी रहेको भन्दै प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् पुनर्गठन रोकेका थिए । प्रधानमन्त्री देउवाले मन्त्री हेरफेर नगर्दा एकीकृत समाजवादीभित्र पनि संकट देखिएको थियो । एकीकृत समाजवादीका १० सांसदले मन्त्री हेरफेरको निर्णयप्रति असन्तुष्टि जनाउँदै ८ बुँदे ध्यानाकर्षणपत्र अध्यक्ष माधवकुमार नेपाललाई बुझाएका थिए । यसले एकीकृत समाजवादी विभाजित हुने अनुमान समेत गरिएको थियो । तर ती सबै आशंका, अन्योल र मतभेद अन्त्य गर्दै आइतबार साँझ मन्त्रिपरिषद् पुनर्गठन भएको छ ।

तर बितेको तीन साता राष्ट्रिय राजनीतिको प्रमुख चासो यही विषयमा केन्द्रीत रह्यो । एकीकृत समाजवादीले पार्टी निर्णय कार्यान्वयनको दबाव दिने, तर प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् पुनर्गठन नगर्ने अनिर्णय कायम रहिरह्यो । जबकी यी दुवै अडान र निर्णयको औचित्य पुष्टि हुन्न । किनकि मन्त्री हेरफेर किन गर्न पर्ने भन्ने औचित्य एकीकृत समाजवादीले पुष्टि गर्न सक्दैन भने त्यसलाई रोक्ने निर्णयबारे प्रधानमन्त्री देउवाले चित्तबुझ्दो जवाफ दिन सक्ने देखिन्न । तर पनि भयो, त्यस्तै । सत्ता टिकाउन र शक्ति आफ्नो पक्षमा पार्न व्यर्थमा तीन साता खेर गयो ।

यसअघि पनि यस्तै राजनीतिक खिचातानी, आरोपप्रत्यारोप र असंवैधानिक/अनावश्यक गतिविधिमा मुलुकको ध्यान जाने गरेको छ । जबकी सरकार र राष्ट्रिय राजनीतिले यतिबेला ध्यान दिनुपर्ने विषय भने अनेक छन्, विशेषगरी सम्भावित संकटबारे राष्ट्रिय संकल्प र तयारी आवश्यक छ । विश्वव्यापी रूपमा देखिएको आर्थिक संकटको असर नेपालमा अनुभव गर्न सकिने र तथ्यमा देखिनेगरी परेको छ । इन्धन लगायत उपभोग्य सामग्रीको मूल्य भारी मात्रा बढिरहेको छ । दक्षिण एसियाली मुलुक श्रीलंका आर्थिक संकटले थलिएको छ । अन्य कम विकसित मुलुकहरूमा पनि आर्थिक संकटको असर देखिदै गएको छ । यस्तो बेला सरकारको ध्यान मुलुकलाई सामान्यकालमै राख्नेतिर केन्द्रीत हुनुपर्ने हो । तर अहिले पनि आन्तरिक शक्ति तानातानीमा देखिनु मुलुकका निम्ति दुखद् मात्रै होइन, निन्दनीय समेत हो ।

# विश्वविद्यालयमा बेथिति

*आज शिक्षा क्षेत्रमा निजी क्षेत्रको जबरजस्त प्रवेशले उद्योग, व्यवसायको रुपमा मान्यता पाएको छ । यसले सरकारी लगानीका आङ्गिक क्याम्पस तथा सामुदायिक क्याम्पसहरुको संख्यामा धेरै संकुचन गर्दै लगेको छ र निजी क्षेत्रका क्याम्पसहरुको संख्यात्मक वृद्धि गरिरहेको छ ।*

अग्रलेख



● इश्वरीप्रसाद पोखरेल

आधुनिक रेल किनेर ल्याएको दुई वर्षसम्म त्रिपाल ओढाएर राख्ने क्षमताका नेतृत्वले देश चलाउँदा मुलुकका बासिन्दाले कति पीडा सामना गर्न परे होलान् ? आफै अनुमान गर्न सकिन्छ । देशको दुरावस्थाको अवस्थामा नालायक र बेइमान हुनुका साथै सीपगत क्षमता नभएका जनशक्तिका कारण मुलुकले के-कति अरब, खरबका विज्ञान, प्रविधि र नयाँ-नयाँ मेसिनरी साधनहरु फालिएका होलान्, कवाडीमा बेचिएका होलान् ? एकपटक गम्भीर भएर सोचौं त ! विश्व एकातिर दौडिरहेको तथा हाम्रा जनशक्तिहरु फरक तरिकाले उत्पादन गर्दा, गराउँदा देशको महत्वपूर्ण सम्पत्ति के-कति समुचित प्रयोग हुन नसकेर बर्बाद गरिए होलान् ? सतहीमा सोच्दा पनि धेरै चिन्ता लाग्दछ । यसर्थ, वैज्ञानिक शिक्षा व्यवस्थापन नीति र मुलुकप्रतिको जवाफदेहिताको आधारभूत कुनै मापदण्डसमेत विकास नभएको मुलुकको उच्च शिक्षाकति सुदृढ र कति गुणात्मक होला ?

नेपालको शिक्षा क्षेत्रको उत्पादन कमजोर छ भन्ने विषयमा प्रवेश गर्नु अन्यायपूर्ण, हतारो निर्णय औचित्यपूर्ण हुँदैन । सबै विश्वविद्यालयहरुको स्थापनाका मुख्य उद्देश्य निर्धारित छन् । ती सबै विश्वविद्यालयहरु आ-आफ्नो कार्यक्षेत्रमा इमानदारिता साथ लागिरहेका छन् वा छैनन् ? अध्ययन आवश्यक छ र नियमन जरुरी छ । यिनै विषयमा प्रवेश गर्न र विश्वविद्यालयहरुलाई मार्ग निर्देशन गर्न, गराउन सहज होस् भनी स्वयम् पंक्तिकारको पहलमा मन्त्रालयबाट सबै विश्वविद्यालयहरुबाट विवरण अध्यावधिक गर्न सफलता मिलेको छ । मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग र सबै सरकारी संयन्त्रको साझा सहमतिमा समयमा नै यी विश्वविद्यालयहरुलाई मुलुकको आवश्यकता तथा जनशक्ति विकासमा कसरी जिम्मेवार बनाउने ? भन्ने लक्ष्य साथ शाखाको कार्यक्रम अगाडि बढिरहेको स्थिति छ ।

### व्यवस्थापनका समस्या

विश्वविद्यालय स्थापनाका सम्बन्धमा विभिन्न आयोगहरुका राय/सुझाव, मूल्यमान्यता र सार्वकालिक दूरदृष्टिताको पक्ष पालना हुन सकेको छैन । सुझावहरु कार्यान्वयनमा पूर्णतः उपेक्षा वा नेतृत्वको निहित स्वार्थमा संस्थागत मूल उद्देश्यबाट टाढिदैं गरिएको वा छिद्रमा पसेर विकृति भित्राएको प्रशस्त भेटाउन सकिन्छ ।

सरकार आफैले ऐन कानून मिच्ने, विश्वविद्यालय अनुदान आयोगको पूर्व परामर्श नलिने, लिए पनि विपरित निर्णय गर्ने, विकास समिति ऐनमार्फत छुट्टै समिति गठन गरेर बिचौलिया र स्वार्थ समूहलाई प्रोत्साहित गर्दै गइएको भन्ने आरोपलाई पनि सरकारी तहबाट निमिट्यान्न नपारिँदा समस्याहरु धेरै छन् । सरकारको क्षेत्रीय, प्रादेशिक विकास नीति र जनशक्ति उत्पादनको अध्ययन, अनुसन्धानबाट विश्वविद्यालयको आवश्यकता, सम्भाव्यता, दीर्घकालीन रणनीतिक लक्ष्यतर्फ कुनै विचार भएको पाइँदैन । यी क्षेत्रमा आवश्यक हुने जनशक्तिको मूल्यांकन नगरी विश्वविद्यालयहरु स्थापना गर्दै, थप्दै गएको अवस्था छ ।

आज योजनावद्ध जनशक्ति विकास नीति तथा उत्पादन कार्यक्रम नहुनाले उच्चशिक्षा क्षेत्रको आर्थिक लगानीको प्रतिफल सकारात्मक नभएको अवस्था छ । यो समस्यालाई सम्बोधन गर्न मन्त्रालय दत्तचित्त भएर नीतिगत तथा संयन्त्रगत व्यवस्थापनमा जुटिरहेको छ तर, परिणाम निकाल्न सकिएको छैन । २०४३ सम्म एकल त्रिभुवन विश्वविद्यालय मात्र थियो । एकल उच्चशिक्षा संस्थाको नीतिमा चलिरहेको मुलुकमा शाही उच्च शिक्षा आयोग २०४० को सिफारिस बमोजिम महेन्द्र (पछि नेपाल) संस्कृत विश्वविद्यालय दांगमा थपियो । त्रिविलाई विकेन्द्रीकृत गरी प्राविधिक शिक्षा, विषयगत शिक्षा पहुँच अभिवृद्धि गर्ने क्षेत्रीय विकास नीति तथा विश्व बैंकको सहायतागत क्षेत्रीय क्याम्पसहरुको समूही करणविकास तथा स्वायत्तताको सिफारिसमा भने कुनै ध्यान दिइएन । त्रिविको संरचनालाई पूर्ण केन्द्रीयकरण र सत्तासीन शक्तिको पूर्ण राजनीतिक नियन्त्रणमा पञ्चायतमा राखियो र त्यसलाई निरन्तरता दिन पछिल्लो राजनीतिक प्रणाली पनि लालायित हुन गयो ।

आवश्यकतालाई अध्ययन गरी त्रिविलाई क्षेत्रीय तथा विषयगत प्राविधिक स्वायत्तता साथ अगाडि बढाउनु पर्दथ्यो तर, त्यसो हुन सकेन । त्यसको सट्टा राजनीतिक सत्ता परिवर्तन हुनासाथ २०४८ सालमा शून्य पूर्वाधारमा निजी संस्थाको रूपमा काठमाडौं विश्वविद्यालय काभ्रेपलाञ्चोकको धुलिखेलमा स्थापना गरियो । काठमाडौं विश्व विद्यालयकै मार्ग पछ्याउँदै शून्य अवस्थामा २०५० मा पूर्वाञ्चल विवि र २०५३ मा पोखरा विश्वविद्यालयहरु थपिए । विश्वविद्यालय स्थापना गर्ने क्रम रोकिएन र क्षेत्रीयताको नाम जोड्दै मध्यपश्चिम, सुदुरपश्चिम गर्दै खोलिए । त्रिविको पुनर्संरचना गरी स्वायत्तताको आधारमा प्राविधिक तथा विषयगत व्यावसायिक शिक्षा विस्तार र पहुँचको सुनिश्चितता माग उठिरहेको सन्दर्भमा पछिल्लो अवधिमा विषयगत कृषि, वन विश्वविद्यालय, लुम्बिनीबौद्ध विश्वविद्यालय र खुला विश्वविद्यालयहरु खोलिए ।

स्वास्थ्य विज्ञान प्रतिष्ठान जस्ता छुट्टै ६ वटा मानित विश्वविद्यालयहरु गर्दै हालका सबै प्रदेशमा पुग्ने गरी ११ वटा विश्वविद्यालय तथा छ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु स्थापना र विस्तार हुँदा सत्र वटा विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानहरु क्रियाशील छन् । तापनि विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानहरु थप्ने क्रममा संघीय सरकारमा पूर्ण विराम लागेको छैन र प्रदेशहरु आफ्नै विश्वविद्यालय र प्रतिष्ठानहरु जन्माउने धुनमा लागिरहेका छन् ।



*प्राज्ञिक स्थलको रुपमा रहेको विश्वविद्यालयका शिक्षक, प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरु राजनीतिक दलका ट्रेड युनियन संगठन स्थापना गरी शिक्षण क्रियाकलाप र बौद्धिक कार्य बाहिरका निम्न स्तरको सौदाबाजीमा सक्रिय हुनु, देखिनु र राजनैतिक मुद्दामा विश्वविद्यालयलाई ध्वस्त पार्न उद्यत हुनु नै मुख्य समस्या हुन् भन्दा अन्याय नहोला ।*

### समस्याको जड

विश्व मूल्य मान्यताअनुसार कुनै पनि विश्वविद्यालयहरुमा राजनीतिक हस्तक्षेप हुनु हुँदैन । शैक्षिक क्षेत्र विशुद्ध प्राज्ञिक नेतृत्वमा सञ्चालित हुनु, गरिनु पर्दछ । तर नेपालमा पहिलो विश्वविद्यालय त्रिवि २०१६ कै प्रथम पदाधिकारी नियुक्तिदेखि राजनैतिक हावीपनले थिच्यो । विश्वविद्यालयबाट प्रदान हुने सम्बन्धन र व्यवस्थापनमा सरकार तथा उसको राष्ट्रिय शिक्षा समितिको दबदबा रह्यो ।

२०४६ साल पछि मुलुकको उच्चशिक्षा अझ विकृत अभ्यासमा प्रवेश गर्‍यो । निजी क्षेत्रमा विश्वविद्यालय स्थापना गर्दा त्रिविको प्राध्यापक भएर जीवनभर राष्ट्रिय शिक्षा समिति तथा राज्यका प्रशासकीय भूमिकामा नेतृत्व पाएका, निजी क्षेत्रको क्याम्पस सञ्चालनको संस्थापक भएका व्यक्तिलाई नै उपकुलपति बनाइयो । त्रिविलाई साइजमा ल्याउन काठमाडौं विश्व विद्यालयका पदाधिकारीलाई प्रयोग गरी आफ्नै कुनै शैक्षिक कार्यक्रम र पूर्वाधार नभएको अवस्थामा एकसाथ तीन/तीन वटा वैदेशिक मेडिकल कलेजलाई सम्बन्धन दिने कार्यको थालनी गरियो । यसैबाट विश्वविद्यालयमा चरम राजनीति प्रवेश भयो र व्यवस्थापकीय समस्याले उच्च शिक्षाको नेतृत्वका राजनीतिक दबदबा प्रवेश भएको आरोप लगाउनेहरु पनि देशमा धेरै छन्, जुन केहीसम्म सत्य र यथार्थ नै हो भन्न सकिन्छ ।

विश्वविद्यालयहरुको प्रमुख शैक्षिक–प्राज्ञिक तथा कार्यकारी प्रमुख मानिने उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव जस्ता महत्वपूर्ण उच्च पदस्थ पदाधिकारी नियुक्तिमा राजनैतिक दबाब, प्रभाव, फोहोरी राजनीतिक दलहरुबीच गठबन्धन र भागबण्डाको लज्जाजनक कुराजनीति भइरहँदा पनि काठमाडौं विश्वविद्यालयमा एउटै व्यक्ति ६ पटक २४ वर्ष उपकुलपतिको नेतृत्वमा निरन्तर दोहोरिएर स्थीर हुनुले पनि उच्च शिक्षा व्यवस्थापनमा धेरै समस्या वृद्धि भएको तर्क गर्ने प्राज्ञहरु पनि मुलुकमा धेरै पाइन्छन् । यद्यपि केयुको अन्तर्राष्ट्रिय शाख र मान उनै उपकुलपतिको हो भन्नेहरुको संख्या पनि प्रशस्त छन् । विश्वविद्यालय सम्बन्धन आदान प्रदानमा सरकार, राजनीतिक दल, नेता, कार्यकर्ता, उद्योगी, व्यापारी, व्यवसायी र सरकारका जिम्मेवार पदाधिकारी वर्गका स्वार्थ समूहको मिलिमतोमा विकृति, विसंगति तथा विषमतिहरुको प्रभावमा विश्वविद्यालयहरु सम्बन्धनको क्रय बिक्रयमा प्रवेश हुनु नै विश्वविद्यालयहरुका मुख्य समस्याका जड हुन् भनिन्छ ।

